## बेन्च वारको मिति २०७७/०५/२३ गतेको निर्णय-

मोरङ जिल्ला अदालतबाट कोभिड १९ को विश्वब्यापी महामारीको कारण यस अघि अदालतबाट प्रवाह गरिदै आएका केही सेवाहरु संकुचन गरिदै आएकोमा मिति २०७७/०५/२३ को सम्मानित उच्च अदालत विराटनगरको संयोजकत्वमा यस जिल्ला अदालत, उच्च अदालत वार एशोसिएसन, मोरङ तथा सुनसरी जिल्ला वार एशोसिएसन समेतको संयुक्त वैठकले गरेको निर्णय बमोजिम यस जिल्ला अदालतसंग सम्वन्धित सेवाहरुका अतिरिक्त देहाय बमोजिमको सेवाहरु ब्यवस्थापन गरि शुचारु गर्ने निर्णय गरियो ।

१. अन्तिम हदम्यादलाई वाधा नपर्ने गरी कुपन प्रणालीद्वारा (First Come First Service को आधारमा अनिवार्यरुपमा Social Distance कायम गरी मिति २०७७/०५/२८ गते आईतवारदेखि अदालत खुलेको दिन फिराद पास दिई दिनको १५ वटा सम्म फिराद दर्ता गरिने तथा फिराद साथै आउने रोक्काको निवेदन समेत दर्ता गरिने ।
२. अदालतका नियमित प्रयोगकर्ताको लागि अदालतबाट प्रवाह हुने सेवा विहान ९ देखि १० वजे सम्म र अपरान्ह ४ देखि ५ वजे सम्म प्रवाह गरिने ।
३. फिरादपत्रसाथ आएका मुद्दाहरुको मिलापत्र मिति २०७७/०५/२४ बाट सुचारु गरिने ।
४. मिति २०७७/०६/०१ गतेबाट अदालतममा उपस्थित पक्षको हकमा तारिख दिने तथा अंग पुगेका/थुनुवा भएका/थुनुवासंग जोडएर तारिखमा रहेका मुद्दाहरुको सुनुवाई गरिने साथै उक्त मुद्दाहरुमा समेत कानून व्यवसायी अनुपस्थित भएमा सुनुवाई नगरिने ।
५. अंग पुगेको दुनियावादी मुद्दाहरुको पेशीको ब्यवस्थापन सम्वन्धमा उक्त मुद्दामा तारेखमा रहेका पक्षहरु जोडिए पछी पेसी चढाई सुनुवाई गरिने ।
६. मिति २०७७/०५/२८ गतेबाट दर्ताद्वारा विवाह, अधिकृत वारेसनामा लगायतका विशेष प्रकृतिका निवेदनहरु दिनको २.०० वजे सम्ममा दर्ता गरि सुनुवाई गरिने ।
७. तहसिल तथा अभिलेख शाखाबाट प्रदान गरिने सेवाको सम्वन्धमा उक्त शाखाहरुबाट कार्य सम्पादनको क्रममा डोर जाने काम वाहेका अन्य काम कारवाही सुचारु गरिने।
८. न्यायका उपभोक्ताहरुलाई अदालत प्रवेशको लागि सो दिन गरिने कार्यको यकिन गरी अदालतको दक्षिण प्रवेशद्वारमा निस्चित संख्यामा अनिवार्य पासको ब्यवस्था गरिने र अदालतको पुर्वीद्वारबाट बाहिर जाने ब्यवस्था मिलाउने ।

९. अदालतको कार्य समयको ब्यवस्थापनको लागी म्याद थप, जरुरी पक्राउपूर्जी सदर, पक्राउ पूर्जी अनुमति समेतका कार्य दिनको २ वजे पछि गरिने ब्यवस्था मिलाउदा अदालतको कार्यवोझ सहज हुने भएकाले सम्वन्धित निकायहरुलाई सोही अनुसारको कार्य गर्न गराउनको लागि सूचना सम्प्रेषण गर्ने ।

१०. नापनक्सा/सर्जमिनको काम बाहेक म्याद तामेलीको कार्य गरिने ।

११. अदालतमा बन्दाबन्दी हुनुभन्दा अघिदेखिनै दायर भई विचाराधिन रहेका मुद्दाहरुमा आउने रोक्का तथा फुकुवाका निवेदनहरु दैनिक प्रत्येक फाँटबाट बढीमा २ वटासम्म दर्ता गरि सुनुवाई गरिने ।

१२. महामारीको अवस्थालाई दृष्टिगत गरि अदालत खुलेको पहिलो हप्ता सम्म सेवाग्रहीको भिडभाडलाई ब्यव्थापन गर्नको लागि दैनिक ३०० (तीन सय) जनासम्म सेवाग्रहीलाई मात्र दैनिक सेवा उपलब्ध गराईने साथै अन्य ब्यवस्थापन सम्वन्धमा कुनै दुविधा उत्पन्न भएमा वेन्च र वार छलफल गरी सोही अनुसार सेवाको ब्यवस्थापन गरिने ।

२०७७।२।१२

जिल्ला न्यायाधीश